केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४३/०६५/६६ मितिः २०६६/०१/२८

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बाहेक अन्य प्रचलित कानून बमोजिम निक्षेप परिचालन तथा कर्जाको कारोवार गरिरहेका संस्थाहरुमा निक्षेप राख्न तथा कर्जाको कारोवार गर्न पाइने छैन। तर, लघुवित्त मात्रको थोक कारोवार गर्ने गरी स्थापना भएका संस्थाहरुको हकमा भने उपरोक्त व्यवस्था लागु हुने छैन।

२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बाहेक अन्य प्रचलित कानून बमोजिम निक्षेप परिचालन तथा कर्जाको कारोवार गरिरहेका संस्थाहरुले यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा सबै प्रकारका निक्षेप राख्न र मुद्दती निक्षेप रसिदको धितोमा कर्जा लिन उपरोक्त बुँदा नं १ को व्यवस्थाले बाधा पुग्नेछैन। तर, यसरी मुद्दती निक्षेप रसिदको धितोमा कर्जा दिंदा जुन बैंक/वित्तीय संस्थामा निक्षेप राखेको हो सोही बैंक/वित्तीय संस्थाबाट मात्र त्यस्तो कर्जा प्रदान गर्नुपर्ने छ। आफ्नो मुद्दति रसिद रहेको संस्था बाहेक अन्य बैंक/वित्तीय संस्थाबाट यस अघि प्रवाहित कर्जाको हकमा भुक्तानी मिति (Maturity Date) पश्चात नवीकरण गरी कर्जा प्रवाह गर्न पाइने छैन।

३. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले मुद्दती निक्षेप रसिद (Fixed Deposit Receipt) को धितोमा कर्जा प्रवाह गर्दा अंकित व्याजदर (Coupon Rate) भन्दा कम व्याजदर नहुने गरी संस्थाको कर्जा नीति निर्देशिकाको परिधिभित्र रहेर कर्जा/सापट उपलब्ध गराउन सक्नेछन्।

४. नेपाल सरकारले जारी गरेको ऋणपत्र/सुरक्षणपत्रको धितोमा कर्जा प्रवाह गर्दा माथि बुँदा नं. ३ मा उल्लेखित व्यवस्था लागू हुने छैन।

५. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कुनै पनि व्यक्ति, फर्म, कम्पनी र अन्य संगठित संघ संस्थाहरुबाट कुनै पनि प्रकारको निक्षेप स्वीकार गर्दा त्यस्तो निक्षेपमा दिइने अंकित व्याजदर (Coupon Rate) बाहेक अन्य कुनै पनि प्रकारको शुल्क/कमिसन वा यस्तै अन्य शीर्षकबाट बैंक तथा वित्तीय संस्थालाई व्ययभार पर्ने कुनै प्रकारको आर्थिक सुविधा दिन पाइने छैन।

६. खारेजी र बचाऊः

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका परिपत्रहरु खारेज गरिएको छः-

(क) पत्रसंख्याः बै.वि.नि.वि./नीति/परिपत्र/११/०६२/६३ मिति २०६३।०३।०४ मा सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको परिपत्रको बुँदा नं. (ग)।

(ख) पत्रसंख्याः बै.वि.नि.वि./नीति/परिपत्र/१३/०६२/६३ मिति २०६३।०३।२९ मा सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३


तथा वित्तीय संस्थाहरुजारी गरिएको परिपत्रको बुँदा नं. (ख) ।

(ग) पत्रसंख्याः बै.वि.नि.वि./नीति/परिपत्र/२१/०६३/६४ मिति २०६३।१०।२३ मा सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको परिपत्रको बुँदा नं. (२) ।

(घ) पत्रसंख्याः बै.वि.नि.वि./नीति/परिपत्र/२६/०६४/६५ मिति २०६४।१०।१५ मा सम्पूर्ण इजाजतपत्रप्राप्त ( क, ख र ग वर्गका) बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको परिपत्रको बुँदा नं. (२) ।

(ङ) पत्रसंख्याः बै.वि.नि.वि./नीति/परिपत्र/४/०६५/६६ मिति २०६५।०५।०२ मा सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको परिपत्र ।

(च) पत्रसंख्याः बै.वि.नि.वि./नीति/परिपत्र/२३/०६५/६६ मिति २०६५।०९।०६ मा सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको परिपत्रको बुँदा नं. (३) ।

(छ) पत्रसंख्याः बै.वि.नि.वि./नीति/परिपत्र/२७/०६५/६६ मिति २०६५।१०।०२ मा सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको परिपत्रको बुँदा नं. (३) ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको परिपत्र बमोजिम भए गरेका कामकारवाहीहरु यसै परिपत्र बमोजिम भए गरेको मानिनेछ ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।